वराहपोखरी गाउँपालिका, खोटाङको गाउँसभाको
१५ औँ अधिवेशनमा
गाउँपालिका अध्यक्ष श्री शालिकराम बन्जारा ज्यूद्वारा प्रस्तुत
आर्थिक वर्ष २०८१।०८२ को

# वार्षिक नीति तथा कार्यक्रम


वराहपोखरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाघखोरभन्ज्याङ, खोटाङ
कोशी प्रदेश, नेपाल


वि.सं. २०८१ साल आसार १० गते सोमबार

# वराहपोखरी गाउँपालिका
# आर्थिक बर्ष २०८१-०८२ को नीति तथा कार्यक्रम

"कृषि, पर्यटन, प्राकृतिक सम्पदा र पूर्वाधारः सभ्य समृद्ध वराहपोखरी गाउँपालिकाको मूल आधार"

**वराहपोखरी गाउँपालिकाका उपाध्यक्ष ज्यू,**
**प्रमुख प्रशासकीय अधिकृत ज्यू,**
**गाउँसभाका सदस्यहरु ज्यू,**

१. यस वराहपोखरी गाउँपालिकाको गाउँसभाको पन्ध्रौं अधिवेशनमा हार्दिक स्वागत गर्दछु ।

२. वराहपोखरी गाउँपालिकाको आर्थिक बर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम यस गरिमामय गाउँसभाको बैठकमा प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ ।

३. यस अवसरमा म सर्वप्रथम राष्ट्रहित, नेपालको सङ्घीय लोकतान्त्रिक गणतन्त्र, अग्रगामी परिवर्तन र अधिकार प्राप्तीका लागि भएका संघर्ष तथा आन्दोलनमा सहादत हुनु भएका ज्ञात-अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । घाईते, अपाङ्ग, पिडित एवम् बेपत्ता योद्धाहरुले पुऱ्याउनु भएको योगदानको उच्च सम्मान व्यक्त गर्दछु ।

४. वराहपोखरी गाउँपालिकाको विकास, सुधार र समृद्धिका लागि नेपालको संविधान तथा संघीय, प्रदेश र स्थानीय कानूनद्वारा प्रदत्त हक अधिकारको प्रचलन गर्न तथा कानूनतः निर्देशित काम, कर्तव्य र दायित्व निर्वाह गर्न हामी प्रतिबद्ध छौं । वराहपोखरी गाउँपालिकाको इतिहास, संस्कृति, सम्पदा र सभ्यताको संरक्षण, सम्बर्धन र प्रबर्धन गर्नु हाम्रो पहिलो कर्तव्य हुन आएको छ । संस्कृतिमा आधारित पर्यटन वराहपोखरी गाउँपालिकाको सम्भावनाको

पहिलो क्षेत्र हो । सेवाग्राहीले सरल र सहज तरिकाले सेवा प्राप्त गर्ने हकलाई सुनिश्चित गर्न सूचना र प्रविधिको उच्चतम प्रयोग गर्न अनिवार्य छ । स्वच्छ, सफा, हरियालीयुक्त पर्यावरण विकास गरी वराहपोखरी गाउँपालिकालाई बस्न योग्य गाउँपालिका बनाउने हाम्रो ध्येय रहेको छ ।

५. आन्तरिक सुशासन र सबल प्रशासनको विकासबाट हामीले अख्तियार गरेको नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन हुने भएकाले यो नीति तथा कार्यक्रम त्यसतर्फ नै निर्देशित रहेको छ । जनतासँग प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने वडा कार्यालयहरुको क्षमता विकास, श्रोत साधनमा वृद्धि र प्रणालीको विकास गर्ने नीति अवलम्बन गर्न प्रस्ताव गरिएको छ । शिक्षा, स्वास्थ्य, कृषि, रोजगारी, उद्यमशीलता, सामाजिक बिकास, युवा तथा खेलकुद, भौतिक पूर्वाधार विकास, सार्वजनिक यातायात, खानेपानी तथा सरसफाई, विपद ब्यवस्थापन, न्याय निरुपण, मानव अधिकार प्रबर्धन जस्ता बिषयगत क्षेत्रहरुका लागि विशेष नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु ।

६. आगामी आर्थिक बर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न आम गाउँपालिकाबासी तथा सबै पेशा, व्यवसायमा आबद्ध महानुभाबहरुको सहयोग, समन्वय र सहकार्य रहने कुरामा विश्वस्त रहेको छु ।

## आर्थिक बर्ष २०८०/०८१ को नीतिको समीक्षा

७. वराहपोखरी गाउँपालिकाको आवधिक योजनाको प्रारम्भिक मस्यौदा तयार भएको छ ।

८. गाउँपालिका क्षेत्रभित्रका सबै विद्यालयहरूमा कक्षा १ देखि कक्षा ५ सम्म स्थानीय विषयको रूपमा स्थानीय पाठ्यक्रम अनुरूप पठनपाठन कार्य भएको छ।

९. समूहमा आबद्ध उद्यमीहरुलाई सीपमूलक तालिम दिई आय आर्जनका क्रियाकलापमा सहभागी गराई आत्मनिर्भर गराउन ८० जनालाई उद्यमशिलता तालिम प्रदान गरिएको छ ।

१०. वराहपोखरी ताल आसपास विश्रामस्थल, फोहोरमैला व्यवस्थापन तथा फुटपाथ विस्तार कार्य भईरहेको छ ।

११. गाउँपालिका क्षेत्रभित्रका सबै वडाहरुमा नयाँ सडकको ट्र्याक खोल्ने तथा स्तरोननति गरि नागरिकलाई सहज आवतजावत तथा कृषि उजको ढुवानी सरल बनाइएको छ ।

१२. धाप्लाङ सिन्ताङ वराहपोखरी मूल सडकको स्तरोन्नतीको काम संघिय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको साझेदारीमा तिव्रताका साथ अगाडी बढिरहेको छ ।

१३. पर्यटन प्रबर्धनका लागि सुनापाताल डाँडाको विस्तृत अध्ययन प्रतिवर्दन निर्माण कार्य सम्पन्न भएको छ ।

१४. गाउँपालिकाको प्रशासनिक भवनको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।

१५. सुविधा सम्पन्न आफ्नै वडा भवनबाट सेवा प्रवाह गर्ने उद्देश्यले वडा कार्यालय पक्की भवन निर्माण कार्यलाई निरन्तरता दिई चालु आर्थिक बर्षमा वडा नं. ६ को भवन निर्माण कार्य सम्पन्न भएको र हालसम्म वडा नं १, २, ३ र ५ को वडा कार्यालय पक्की भवन निर्माण सम्पन्न भई सेवा सञ्चालनमा रहेको छ । जम्मा ६ वटा वडा कार्यालयहरुमध्ये बाँकी वडा नं. ४, फाक्टाङको वडा कार्यालय भवन निर्माणको लागि आगामी आ.व. २०८१।०८२ मा आवश्यक बजेट व्यवस्थापन गरिनेछ ।

१६. खेलाडीहरुको खेलकुद विकासका लागि प्रोत्साहन स्वरुप पुरस्कार वितरण गरिएको छ । साथै राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई

प्राथमिकतामा राखिएको छ । खेल क्षेत्रमा भलिवल तर्फ यस गाउँपालिका प्रदेश स्तरीय महिला खेलाडि छनौट गर्न सफल भएको छ ।

१७. कृषकहरुलाई अध्ययन भ्रमण तथा विभिन्न क्षमता विकास तालिमहरुको व्यवस्था गर्नुका साथै प्रविधिसँग जोडिएको छ ।

१८. ४ नं. वडा कार्यालय भवन, स्वास्थ्य चौकी सुन्तले र पौवासेराको भवन निर्माणका लागि विस्तृत अध्ययन प्रतिवेदन तयार पारिएको छ ।

१९. गाउँपालिका र नेपाल रेडक्रस सोसाइटी उपशाखा वराहपोखरीको सहकार्यमा वडा नं. १ र ५ मा हिउँदको समयमा लागेको वन डढेलोका कारण ९ घर आगलागी पिडितहरुलाई आर्थिक, लत्ताकपडा तथा खाद्यसामाग्रीहरु घटनास्थलमै तत्कालै पुगी वितरण गरिएको छ ।

२०. कृषिजन्य खाद्यसामाग्रीहरु बजारसम्म पुऱ्याउन सहजताका लागि कृषि एम्बुलेन्सको खरिद प्रकृया अन्तिम चरणमा पुगेको छ ।

२१. वराहपोखरी गाउँपालिकालाई पूर्ण खोप गाउँपालिका घोषणा गरिएको छ ।

२२. सहज खानेपानीको उपलब्धताबाट वञ्चित रहेका धेरै जनसंख्यालाई खानेपानीको पहुँचमा ल्याइएको छ ।

२३. विद्युतबाट टाढा रहेका नागरिकलाई विद्युतीकरणको माध्यमबाट जोडिएको छ ।

२४. दादुरा रुवेला खोप अभियान, IPV खोप अभियान सम्पन्न गरिएको र जन्म दोष पहिचानको कार्य सञ्चालन गरिएको छ ।

२५. अपाङ्गता परिचयपत्र वितरण शिविर प्रत्येक वडाहरुमा सञ्चालन २१८ जनालाई विभिन्न वर्गको अपाङ्गता परिचयपत्र वितरण गरिएको ।

२६. SEE परीक्षामा उत्कृष्ट हुने छात्र छात्रा, दलित छात्र छात्रा तथा अपाङ्ग छात्र छात्रालाई प्रोत्साहन पुरस्कार वितरण गरिएको छ ।

२७. संघिय सरकार, प्रदेश सरकार, स्थानिय सरकार र साना सिंचाई कार्यक्रमको साझेदारीमा गाउँपालिका क्षेत्रभित्र सिंचाई योजना संचालन गरिएको छ ।

२८. स्थानीय कानुनका रुपमा गाउँपालिकाले हालसम्म जारी गरेका १८ वटा ऐन र ३८ वटा नियम, कार्यविधि, निर्देशिका, मापदण्डमध्ये चालु आर्थिक बर्षमा २ वटा ऐन र ६ वटा कार्यविधि निर्देशिका जारी गरिएको छ ।

२९. करदाताहरुबाट कर संकलन गर्न राजस्व सफ्टवेयरको प्रयोग गरिएको छ | सम्पत्ती कर, व्यवसाय कर, बहाल कर जस्ता करहरु अनलाइन प्रणालीबाट संकलन गर्न सकिने ब्यवस्था मिलाइएको छ ।

३०. करदाताहरुले बुझाएको रकम सिधै बैंकमा जम्मा हुने व्यवस्था मिलाइएको छ ।

**गाउँसभा सदस्य ज्यूहरु,**

३१. अब म वराहपोखरी गाउँपालिकाको आर्थिक बर्ष २०८१/०८२ को नीति र कार्यक्रम यस गाउँसभाको बैठकमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

३२. गाउँपालिकाको दीर्घकालिन सोच "कृषि पर्यटन प्राकृतिक सम्पदा र पूर्वाधार: सभ्य समृद्ध वराहपोखरी गाउँपालिकाको मूल आधार"

रहेको छ । यस सोचलाई कार्यान्वयन गर्न देहायका रणनीतिहरु अवलम्बन गरिनेछन् ।

३३. वराहपोखरी गाउँपालिकाको संस्कृति, सम्पदा र पर्यटकीय क्षेत्रको संरक्षण, सम्बर्धन र प्रबर्दन गर्ने,

३४. आधुनिक सूचना तथा संचार प्रविधिको उच्चतम प्रयोग गरी सेवा प्रवाहमा सहजता बनाईने,

३५. सांस्कृतिक पर्यटन, नव प्रबर्तनमा आधारित उद्यम र संस्थागत सुशासनलाई प्राथमिकतामा राखी योजना तथा कार्यक्रम संचालन गर्ने,

३६. स्थानीय शासनमा जनसहभागिता अभिवृद्धि गर्दै उत्तरदायी र पारदर्शी स्थानीय सरकारको भूमिका निर्वाह गर्ने,

३७. वराहपोखरी गाउँपालिकालाई धार्मिक, साँस्कृतिक, पर्यटकीय र कृषिमुखी गाउँपालिकाको रुपमा विकास गर्ने,

३८. सडक सञ्जाल विस्तार तथा सुदृढीकरण मार्फत नागरिकहरुलाई वडा कार्यालय, गाउँपालिका केन्द्र र नजिकको सहरसँग गोड्ने,

३९. कृषि क्षेत्रको उत्पादन उत्पादकत्व वृद्धि गरी आधुनिकीकरण, व्यवसायिकरण र बजारीकरण गर्ने ।

## पूर्वाधार विकास सम्बन्धी नीति

४०. भौतिक पूर्वाधारको गुणस्तर सुनिश्चितताको लागि निर्माण कार्यमा प्रयोग भएका सामाग्रीहरुको ल्याव परीक्षण गरिनेछ ।

४१. आफ्नो भवन नभएका वडा कार्यालयहरुको भवन निर्माण गर्ने कार्यलाई प्रथामिकता दिइनेछ |

४२. गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक बिद्यालय, सार्वजनिक संस्था तथा सार्बजनिक शौचालायहरुलाई स्तरोन्नति गरी अपाङ्गता तथा लैङ्गिक तथा बालमैत्री बनाइनेछ |

४३. वराहपोखरी गाउँपालिकालाई जीवन्त गाउँपालिकाको रुपमा बिकास गर्न नेपाल विद्युत प्राधिकरणसंग सहकार्य गरी गाउँपालिका उज्यालो कार्यक्रम सञ्चालन गरिनेछ ।

४४. गाउँपालिका क्षेत्रभित्र निर्माण हुने सबै प्रकारका नीजि सार्वजनिक तथा सरकारी भवनहरु गाउँपालिकाबाट ईजाजत प्राप्त गरेर मात्र निर्माण हुने व्यवस्था मिलाइनेछ ।

४५. गाउँपालिका भित्र सञ्चालन हुने आयोजनाहरुलाई बढि भन्दा बढि रोजगारमुखी आयोजना सञ्चालन गरिनुका साथै श्रम बैकको व्यवस्थापन मिलाइनेछ ।

४६. धापलाङघाट धर्तुङ वराहपोखरी तथा वंशिलाघाट सिन्ताङ मुख्य सडक खण्डलाई स्तरोन्नती तथा नियमित मर्मत सम्भारको व्यवस्था मिलाईनेछ ।

४७. वंशिलाघाट मौवावोटे हुदै जन्तेढुँगा चिसापानी सडक तथा वंशिलाघाट सिन्ताङ सडकको स्तरोन्नतीका लागि संघिय सरकार तथा प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ ।

४८. कुटानी पिसानी मिल तथा विद्युत व्यवस्थापन सम्बन्धी कार्यहरु गरिनेछ ।

## कृषि तथा पशुपन्छी विकास सम्बन्धी नीति

४९. कृषि तथा पशुपन्छी सम्बन्धी विभिन्न तालिमहरु संचालन गराइनुका साथै गोबर परीक्षणको व्यवस्था मिलाईने छ । कृषि क्षेत्र विस्तार तथा प्रोत्साहनका लागि कार्यक्रमहरु ल्याइएको छ । कृषि उपजको ढुवानी तथा बजारीकरणको लागि कृषि एम्बुलेन्सको व्यवस्था गरिनेछ ।

५०. उत्पादन, उत्पादकत्व र सम्भाव्यताका आधारमा कृषि उपज विशेष उत्पादन क्षेत्र निर्धारण गरी उत्पादनमा लाग्न कृषकहरुलाई प्रोत्साहित गरिनेछ ।

५१. तरकारी, फलफुल नर्सरी, कफी नर्सरी र बेर्ना रोपणलाई व्यापक रुपमा विस्तार गरि ५ वर्षभित्र गाउँपालिकालाई तरकारी, फलफुल, कफिमा आत्मनिर्भर बनाइनेछ ।

५२. गाउँपालिका क्षेत्रभित्र सुन्तला फलफुल विस्तार कार्यक्रम सञ्चालन गरिनेछ ।आगामी आर्थिक वर्षमा सुन्तला पकेट विकास कार्यक्रम समेत सञ्चालन गरिनेछ ।

५३. गाउँपालिका क्षेत्रभित्र अदुवा तथा बेसार उत्पादन कार्यलाई प्रोत्साहन गरि व्यवसायीकरण गरिनेछ ।

५४. नविनतम प्रविधि तथा उपकरण प्रयोगको माध्यमबाट कृषि क्षेत्रको आधुनिकीकरणतर्फ लगिने व्यवस्था गरिएको छ ।

५५. कृषकहरुलाई प्रविधिमैत्री बनाउन आवश्यक पर्ने औजार तथा उपकरणहरु ५०% अनुदानमा उपलब्ध गराइने व्यवस्था मिलाइनेछ ।

५६. रैथाने बालीहरुको विउ संरक्षण, खेती विस्तार र बजारीकरणको लागि विशेष प्रबन्ध मिलाईनेछ।

५७. अर्गानिक खेतिको विस्तार र तरकारी तथा खाद्यान्नमा विषादीको उचित व्यवस्थापन गर्न विशेष व्यवस्था गरिनेछ।

५८. तरकारी उत्पादनको लागि ब्यावसायिक, करेसावारी र करार खेतीको लागि तालिम, प्रविधि र लगानीको ब्यवस्था सहितको नमूना कार्यक्रम संचालन गरी प्रोत्साहन गरिनेछ ।

५९. गोठ सुधार, नश्ल सुधार जस्ता कार्यक्रमहरुलाई प्राथमिकता दिईनेछ ।

६०. कृषकलाई व्यवसायिक खेतितर्फ उन्मूख गरी आय आर्जनका थप उपायहरु पहिल्याउन सहयोग गरिनेछ ।

६१. सिंचाई कार्यक्रमहरुमार्फत सिंचाई सुविधा नपुगेका क्षेत्रहरुमा सिंचाई सुविधा विस्तार गरि कृषि उत्पादन तथा उत्पादकत्व वृद्धिमा जोड दिइनेछ ।

## शिक्षा, युवा तथा खेलकुद सम्बन्धी नीति

६२. शिक्षा क्षेत्रमा पालिकाबट व्यवस्था गरिएका शिक्षक, का.स. कर्मचारी, परिचालिकाहरुलाई निरन्तरता दिईनेछ । विद्यालय, प्र.अ. शिक्षक तथा कर्मचारीको दक्षता एवम् क्षमता विकासको लागि तालिमहरु लगायत आवश्यक व्यवस्था गरिनेछ ।

६३. राष्ट्रपति रनिङशिल्ड तथा पालिकास्तरीय अतिरिक्त कृयाकलापहरु मार्फत विद्यार्थीको सर्वाङ्गिण विकासमा टेवा पुग्ने कार्यक्रमहरु गरिनेछ ।

६४. विद्यालयको अनुगमन तथा सुपरिवेक्षणको कार्यलाई प्रभावकारी बनाईनेछ ।

६५. छात्र छात्रालाई उत्प्रेरित गर्न SEE मा उत्कृष्ट विद्यार्थीलाई पुरस्कारको व्यवस्था गरिएको छ ।

६६. विभिन्न विद्यालयको भौतिक संरचनाको निर्माण तथा स्तरोन्ति गरिनेछ ।

६७. गाउँपालिकामा फुटबल, भलिवल लगायत विभिन्न खेलकुद प्रतियोगिताहरु आयोजना गरिनेछ । विद्यालय तथा युवा लक्षित गरि आवश्यक खेल सामाग्रीको व्यवस्था गरिनेछ । गाउँपालिका क्षेत्रबाहिर हुने खेलकुद प्रतियोगितामा सहभागिताका लागि प्रबन्ध मिलाईनेछ ।

६८. सबै विद्यालयहरुमा कक्षा १ देखि कक्षा ५ सम्म स्थानीय बिषय स्थानीय पाठ्यक्रम अनुरुप पठनपाठन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

६९. सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर वृद्धि गर्न शिक्षकहरुलाई प्रविधिमैत्री सीप बिकास, शिक्षण कला, क्षमता विकास र असल अभ्यास शिक्षण सिकाई आदान प्रदानका कार्यक्रमहरु संचालन गरिनेछ |

७०. सामुदायिक विद्यालयहरुको पूर्वाधार निर्माणमा सुधार गरी बालमैत्री कक्षा कोठा, फर्निचर, पुस्तकालय, प्रयोगशाला, इन्टरनेट सुविधा, आईसीटी ल्याव, स्वच्छ पिउने पानीको व्यवस्था, छात्र-छात्रा शौचालय, स्यानीटरी प्याडको व्यवस्था, खेलमैदान, पुस्तकालय निर्माणको प्राथमिकता दिईनेछ ।

७१. गाउँपालिका क्षेत्र भित्रका सबै आधारभूत विद्यालयहरुलाई कार्य सम्पादनमा सहजता ल्याउन विद्युतीय उपकरण (कम्प्युटर, ल्यापटप, प्रिन्टर आदि) को व्यवस्था गरिनेछ ।

७२. विद्यालयहरुमा संचालनमा रहेको दिवा खाजा कार्यक्रमलाई स्थानीय स्तरमा उत्पादित अर्गानिक खाद्य सामग्रीको उपयोगमा अनिवार्य गर्नका लागि ब्यवस्था मिलाईनेछ ।

७३. विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान एवम् विद्यालयहरु एक-एर्कामा गाभिनेछ ।

७४. गाउँपालिकामा भलिवल, ब्याडमिन्टन, फूटबल लगायतका खेलकूद आयोजना गर्न खेलमैदान निर्माण कार्य अगाडी बढाइनेछ ।

७५. प्रशिक्षक खेलाडीको सहयोगमा गाउँपालिका क्षेत्रभित्र विभिन्न विधाका सम्भावित खेलाडीहरुको विकासको लागि प्रशिक्षणको व्यवस्था मिलाइनेछ ।

**स्वास्थ्य सम्बन्धी नीति**

७६. स्वास्थ्य सेवाको गुणस्तर र पहुँच अभिवृद्धि गर्न वराहपोखरी गाउँपालिकाको जनस्वास्थ्य ऐन जारी गरिनेछ ।

७७. सबै वडाहरुमा स्वास्थ्य चौकी र आधारभूत स्वास्थ्य केन्द्रहरुमा क्रमशः सुविधासम्पन्न वर्थिङ सेन्टर निर्माण तथा विस्तार गर्दै लगिनेछ । स्वास्थ्य चौकी निर्माण कार्यलाई निरन्तरता दिइनेछ । नागरिकहरुलाई विभिन्न ९८ प्रकारका औषधीहरु निःशुल्क पाउने व्यवस्था मिलाईनेछ ।

७८. सुरक्षित मातृत्व गाउँपालिकाको अवधारणा अनुरुप गर्भवती महिलालाई भिडियो एक्सरे सेवा, क्याल्सियम चक्की, फोलिक एसिड चक्की, आइरन चक्की तथा सुत्केरी महिलाको लागि निः शुल्क डेलिभरी प्याडको व्यवस्था मिलाइनेछ ।

७९. सामाग्री तथा औषधीको सुरक्षा गर्ने व्यवस्था गर्नुका साथै स्वास्थ्य ल्याबको सुदृढिकरण गरिनेछ । स्वास्थ्यकर्मीलाई आवश्यक पर्ने तालिम उपलब्ध गराइनेछ ।

८०. नियमित खोप सेवालाई थप प्रभावकारी बनाई बालबालिकाको खोप सम्बन्धी अधिकारलाई सुनिश्चित गरिनेछ ।

८१. कुपोषणबाट ग्रसित सुनौलो हजार दिनका महिला तथा बालबालिकाहरुका लागि बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिदै सन्तुलित पोषण र विविधतायुक्त खानाको लागि सचेतनामूलक कार्यक्रम, पोषण झोला तथा पोषिलो आहार कार्यक्रम सञ्चालन गर्दै पोषणमैत्री गाउँपालिका बनाउन पहल गरिनेछ ।

८२. गुणस्तरीय स्वास्थ्य सेवा तथा दक्ष जनशक्तिलाई थप तथा आवश्यकता अनुसार तालिमको व्यवस्थापन मिलाईनेछ ।

८३. सरकारी तथा गैह्रसरकारी अस्पताल, स्वास्थ्य संस्थासँग समन्वय गरी घुम्ती स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

८४. वराहपोखरी गाउँपालिकालाई जिरो होम डेलिभरीको अवस्थामा पुऱ्याउन आवश्यक कदम चालिनेछ ।

८५. गाउँपालिकामा पाँच शैयाको अस्पताल निर्माण कार्यलाई अगाडि वढाउन सम्बन्धित निकायमा पहल गरिनेछ ।

## संस्कृति, सम्पदा तथा पर्यटन सम्बन्धी नीति

८६. गाउँपालिका क्षेत्रमा रहेका ऐतिहासिक, धार्मिक, पुरातात्विक महत्वका मठ, मन्दिर, पोखरी आदिको अभिलेख राखी संरक्षण तथा प्रबर्धनको ब्यबस्था मिलाइनेछ |

८७. निजी क्षेत्र, ब्यवसायी र स्थानीय समुदायसंग सहकार्य गरी गाउँपालिका क्षेत्रहरुमा होमस्टे संचालन गर्न प्रोत्साहित गरिनेछ | होमस्टेमा संलग्न जनशक्तिलाई आवश्यक तालिमको ब्यबस्था गरिनेछ |

८८. वरापोखरी गाउँपालिकाको सांस्कृतिक बिबिधता जगेर्णा गर्दै गाउँपालिका क्षेत्रमा बसोवास गर्ने बिभिन्न जातजाती र समुदायका सांस्कृतिक सम्पदाहरुको पहिचान र विकास गर्न आबश्यक सहयोग गरिनेछ |

## खानेपानी सम्बन्धी नीति

८९. यस गाउँपालिका क्षेत्रभित्रका वडाहरुमा देखिएको खानेपानी समस्या समधान गर्नका लागि दातृ निकाय एवम् संघ-संस्थाको सहयोगमा खानेपानी सम्बन्धी आयोजना सञ्चालनका लागि पहल गरिनेछ ।

९०. शौचालय निर्माण र नियमित प्रयोग, साबुनपानीले हात धुने बानी लगायतका सरसफाईका आधारभूत कुरालाई प्रभावकारी कार्यान्वयनमा ल्याउनका लागि जनप्रतिनिधि, कर्मचारी तथा गैह्रसरकारी संस्थाहरुलाई परिचालन गरिनेछ ।

९१. फोहोरमैला व्यवस्थापनका लागि संघ संस्थाहरुसँग सहकार्य गरि प्रभावकारी रुपमा ब्यवस्थापन मिलाईने छ ।

## वन वातावरण तथा विपद व्यवस्थापन सम्बन्धी नीति

९२. दिगो विकासका लक्ष्यलाई आत्मसाथ गर्दै "जलवायु अनुकूलन र विपद व्यवस्थापन सार्वजनिक निर्माणमा वातावरणीय सन्तुलन" भन्ने नारा अनुरुप गाउँपालिकाबाट सञ्चालित सडक निर्माण योजनामा वृक्षरोपण कार्यक्रम सञ्चालन गरिनेछ ।

९३. वराहपोखरी गाउँपालिकालाई हरित गाउँपालिकाको रुपमा विकास गर्नका लागि एक नागरिक एक फलफुलको विरुवा रोप्ने कार्यको लागि सम्पूर्ण पालिकाबासीहरुमा आह्वान गरिनेछ ।

९४. सामुदायिक वन क्षेत्रबाट प्राप्त आम्दानीलाई स्थानीय विकासमा लगानी गर्न र स्थानीयस्तरको विकासका लागि प्रेरित गरिनेछ ।

९५. गाउँपालिका क्षेत्रभित्र जलाधार संरक्षण खोला नियन्त्रणको प्याकेज बनाई भू तथा जलाधार संरक्षण कार्यलाई प्राथमिकता दिईनेछ ।

९६. जलवायु परिवर्तनलाई न्यूनिकरण गर्नका लागि स्थानीयस्तरबाट आवश्यक प्रवन्धकीय व्यवस्था मिलाइनेछ ।

९७. गाउँपालिकाबासीहरुको जनधनको रक्षाका लागि सबै नागरिकलाई हर हालतमा सहयोग गर्नका लागि एक छुट्टै आकस्मिक कोषको व्यवस्था मिलाइनेछ । सो कोषबाट विपदमा परेका नागरिकहरुलाई आवश्यक सहयोग गरिनेछ ।

९८. पूर्वाधार विकासका आयोजनाहरु सञ्चालन गर्दा विपद् जोखिम संवेदनशीलतालाई ध्यान दिई विपद् जोखिम न्यूनिकरणको उपाय अवलम्बन गरिनेछ ।

९९. विकासबाट हुनसक्ने विनासलाई न्युनिकरण गरि विकासलाई दिगो बनाउन अधिकतम श्रममूलक प्रविधिमा जोड दिईनेछ ।

१००.विपदको समयमा आपतकालिन उद्दारको लागि खुल्ला सार्वजनिक स्थानको पहिचान गरि आपतकालिन आश्रयस्थलको रुपमा विकास गरिनेछ ।

१०१.विद्यालयस्तरमा विपद् व्यवस्थापनको लागि रणनीति तर्जुमा गरिनेछ ।

१०२.एम्बुलेन्स सेवालाई चौविसै घण्टा सञ्चालन हुने गरि तयारी हालतमा राखिने व्यवस्था मिलाइनेछ ।

१०३.पानीको श्रोत मुहान खोला पोखरी तलाउ सिमसार क्षेत्र तथा जैविक विविधताको संरक्षण गरिने नीति अवलम्बन गरिनेछ ।

## लैंगिक समानता तथा समावेशीकरण सम्बन्धी नीति

१०४.बालबालिकाको हितमा कृयाशिल संघ संस्थाहरुसँग समन्वय र सहकार्य गरी बाल श्रमिक, अनाथ बालबालिकाहरुको उद्दार, राहत तथा पुन:स्थापनाको कार्यहरु गरिनेछ ।

१०५.महिलाहरुलाई विकासको मूल प्रवाहमा ल्याउन महिला सशक्तिकरणको कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१०६.पूर्ण अशक्त अपाङ्गता परिचयपत्र बनाउनका लागि चिकित्सकीय सेवा टोली सहित सम्बन्धित वडा कार्यालयमा पुगी स्वास्थ्य चेकजाँचका साथ परिचय पत्र वितरण गरिनेछ ।

१०७.कोशी प्रदेश, करुणा फाउण्डेशन र वराहपोखरी गाउँपालिकाको साझेदारीमा अपाङ्गताहरुको हकहित संरक्षण तथा प्रबर्धनको लागि समुदायमा आधारित पुन:स्थापना कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१०८.बालबालिकाको संरक्षणका लागि आत्मरक्षा तालिम सञ्चालन गरिनेछ ।

१०९.महिला, दलित, जनजाती, अपाङ्गता भएको व्यक्तिलाई गाउँपालिकाबाट सञ्चालन हुने आयोजनाहरुको उपभोक्ता समितिमा सहभागी गराउन उत्प्रेरित गरिनेछ ।

११०.ज्येष्ठ नागरिकको सुरक्षा, सम्मान र स्वास्थ्य परीक्षणका लागि विशेष सहयोग कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१११.वडाहरुबाट नै सम्बन्धित बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने प्रबन्धलाई निरन्तरता गरिनेछ ।

११२.ज्येष्ठ नागरिकहरुको ज्ञान सिप र अनुभवलाई नयाँ पुस्तामा हस्तान्तरण गर्नका लागि पुस्तानान्तरबिच अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।

११३.लघु उद्यम विकास कार्यक्रमलाई गरिवी निवारणसँग आबद्धता गरिनेछ ।

## सहकारी सम्बन्धी नीति

११४.सहकारी संस्थाको दर्ता, नबिकरण कार्यलाई विद्युतिय प्रणालीमा आबद्ध गरिनेछ |

११५.सहकारी संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि गरी सेवा प्रवाहमा थप प्रभावकारिता ल्याउन सहकारी संस्थाहरुलाई एकीकरण गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ |

## संस्थागत विकास तथा सुशासन सम्बन्धी नीति

११६.कर्मचारीलाई उत्प्रेरित गर्न विभिन्न तालिमहरुको व्यवस्था गरिनेछ । उत्कृष्ट कार्यदक्षता, कार्यसम्पादन,कार्यकुशलताका आधारमा कर्मचारीलाई पुरस्कृत गरिनेछ । आगामी आ.व. बाट गाउँपालिकाको नयाँ प्रशासकीय भवनबाट सेवाप्रवाह गरिनेछ । वडा कार्यालयहरुलाई सदृढ गरि सेवा थप प्रभावकारी बनाईनेछ । सरकारी कार्यालयलाई सेवाग्राहीमैत्री तथा सूचनाप्रविधिमैत्री बनाईनेछ । सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण मार्फत सेवाग्राही प्रति सेवाप्रदायकको उत्तरदायित्व कायम गरिनेछ ।

११७.सार्वजनिक खरिदलाई खुला, पारदर्शी, वस्तुनिष्ठ विश्वसनीय बनाईनेछ । भौतिक संरचना निर्माण तथा कार्यक्रमहरुको अनुगमन मूल्याङ्कन गरि गुणस्तरियता कायम गरिनेछ । फजुल खर्चको नियन्त्रण गर्नुका साथै भ्रष्टाचारसम्बन्धी शून्य सहनशीलता नीति अपनाईनेछ ।

११८.सार्वजनिक सम्पत्तिको मर्मत संभार, सुरक्षा गर्नुका साथ उच्च क्षमतामा संचालन हुने व्यवस्था मिलाईनेछ ।

११९.सार्वजनिक प्रशासनलाई स्वच्छ, परिणाममूखी, जवाफदेही, पारदर्शी, नागरिक प्रति उत्तरदायी, सेवामूलक तथा विकासमैत्री बनाई सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाईनेछ ।

१२०.आन्तरिक नियन्त्रण प्रणालिलाई प्रभावकारी बनाउन वित्तिय अनुशासनलाई कडाईका साथ पालना गर्दै बुरुजु फछ्यौंटलाई अभियानको रुपमा चलाईनेछ ।

१२१.कोशी प्रदेश सरकारबाट स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० बमोजिम तहवृद्धी सम्बन्धी कार्यविधि तर्जुमा गरि कार्यविधिले तोके बमोजिम कर्मचारीको तह एवम् स्तरवृद्धि गरिनेछ ।

१२२.गाउँपालिकाका सबै कार्यालयमा सिसिटिभी जडान गरी सेवा प्रवाहलाई प्रत्यक्ष निगरानीमा राखिनेछ ।

१२३.गाउँपालिकाबाट प्रदान गरिने सबै प्रकारको सेवा सुविधालाई क्रमशः सफ्टवेयर तथा विद्युतीय प्रणालीमार्फत प्रदान गरिनेछ ।

१२४.राजश्व तथा कर संकलनको लागि महालेखा नियन्त्रकको कार्यालयबाट जारी भएको स्थानीय राजश्व पोर्टललाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।

१२५.सूचना प्रविधिको उपयोग विकास र विस्तार गर्दै सार्वजनिक सेवालाई खुल्ला पारदर्शी र जवाफदेही बनाउने नीतिको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

१२६.गाउँपालिकाको विकास कार्य खोज र अनुसन्धान तथा नागरिकलाई सूचना एवम् समाचार सहज रुपमा उपलब्ध गराउनका लागि स्थानीय पत्रकारहरुलाई प्रोत्साहन गरिनेछ ।

१२७.सार्वजनिक सेवालाई गुणस्तरीय र परिणाममूखी बनाउ गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतबीच कार्य सम्पादन सम्झौता गरिनेछ । साथै प्रमुख प्रशासकीय अधिकृत र सबै शाखा प्रमुख तथा वडा सचिवहरुबीच कार्य सम्पादन सम्झौता गरिनेछ ।

१२८.स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन LISA (Local Institutional Self-Assessment) तथा स्थानीय तह वित्तीय सुशासन तथा जोखिम मूल्याङ्कन प्रणालीलाई थप व्यवस्थित गरिनेछ ।

१२९.गाउँपालिकाको कार्यालय मातहतका वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा नागरिक वडापत्रको व्यवस्था गरि गाउँपालिकाभित्रका सबै सार्वजनिक कार्यालयहरुमा सूचना अधिकारी तोकिने व्यवस्था मिलाईनेछ ।

**गाउँसभा सदस्य ज्यूहरु**

१३०.अन्त्यमा, वराहपोखरी गाउँपालिकालाई जनअपेक्षा अनुरुप विकासका चाहना पुरा गर्ने, स्थानीय सरकार र स्थानीयवासी बीचको सुमधुर सम्बन्ध कायम गर्ने, आधुनिक प्रविधि र मौलिक पहिचानको सम्मिश्रणवाट वराहपोखरी गाउँपालिकालाई समृद्ध, सुरक्षित, कृषिमैत्री, उद्यमशिल साथै पर्यटकीय केन्द्र बनाउने हाम्रो दृढ सङ्कल्प अविचलित छ । यस अवसरलाई सदुपयोग गर्दै सम्पूर्ण गाउँपालिकावासीलाई स्वच्छ, निष्पक्ष, न्यायपूर्ण र प्रतिबद्ध नेतृत्व प्रदान गरिनेछ । साथै गाउँपालिकाले अघि सारेको प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुर्याउन नेपाल सरकार, प्रदेश सरकार, विकास साझेदारहरू, निजी क्षेत्र, अन्तर्राष्ट्रिय दातृ समुदाय, गाउँपालिकाका कर्मचारी, मतदाता र सम्पूर्ण वुद्धिजीवी एवम् प्रवुद्ध वर्गमा हार्दिक अपिल गर्दछु ।

धन्यवाद !

**शालिकराम बन्जारा**

**अध्यक्ष**

**वि.सं. २०८१ असार १० गते सोमबार**

**नेपाल संवत ११४४, तछलागा ३ सोमबार**